स्थानीय सरकार

# ईन्द्रावती गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

### नवलपुर, सिन्धुपाल्चोक

३ नं. प्रदेश, नेपाल

आ.व. ०७६/७७ को

# स्वीकृत वार्षिक नीति

**सम्वत २०७६ साल आषाढ १० गते गाउँसभामा अध्यक्षज्यूबाट प्रस्तुत गरिएको आर्थिक वर्ष ०७६/०७७ को वार्षिक नीतिः**

**सभाका सदस्यज्यूहरु,**

**कर्मचारी साथीहरु,**

**पत्रकार मित्रहरु, उपस्थित माहानुभावहरु ।**

(१) यस गाउँपालिकाको आ.व. ०७६/०७७ को नीति तथा कार्यक्रम यस गरिमामय सभा समक्ष प्रस्तुत गर्न पाउँदा म गौरवान्वित भएको छु । स्थानीय सरकार, नेपाली जनताको त्याग, वलिदान र लामो संर्घसको उपलब्धी हो । बलिदानपूर्ण संघर्षबाट प्राप्त र ऐतिहासिक संविधान सभाबाट जारी भएको नेपालको संविधान अनुसार स्थापित स्थानीय तहका अधिकारहरुलाई अभ्यास गर्ने अभियान अघि वढीरहेको अवस्थामा म लोकतन्त्र प्राप्तिको लामो संघर्ष एवं आन्दोलनका क्रममा आफ्नो अमूल्य जीवन वलिदान दिनुहुने सम्पूर्ण ज्ञात अज्ञात अमर शहिदहरु प्रति भावपूर्ण श्रद्धाञ्जिल अपर्ण गर्दछु । साथै विभिन्न आन्दोलनका क्रममा भएका घाइते, वेपत्ता नागरिकहरु प्रति उच्च सम्मान व्यक्त गर्न चाहन्छु ।

(२) ईन्द्रावती गाउँपालिका लोकतन्त्रका आधारभूत मूल्य मान्यता, बहुलबादी खुला समाज, मानव अधिकार, सामाजिक न्याय, सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तलाई आत्मसाथ गर्दै विधिको शासन प्रति पूर्ण प्रतिवद्ध छ । लोकतन्त्रलाई सामाजिक जिवन पद्धतिका रुपमा स्थापित गर्ने विषयमा गाउँपालिका हरपल प्रयत्नशील छ । शासकीय संरचना र व्यवस्थामा आएको परिवर्तनको अनुभूती सवै पालिकावासीहरुले गर्न सकुन भन्नेमा हामीहरु अत्यन्त सचेत छौ ।

गाउँपालिकाको भौगोलिक, सामाजिक, आर्थिक तथा सांस्कृतिक विधिधतालाई आत्मसाथ गर्दै सन्तुलित र समन्यायिक विकासको बाटोमा अघि वढन यस गाउँपालिका दृढ छ । हामीहरु योजनावद्ध र प्राथमिकताका आधारमा विकास, निर्माणका कामहरु हुनुपर्दछ भन्नेमा प्रतिवद्ध छौं । **'मालिक होइन, सेवक हौं'** भन्ने मान्यतामा आधारित जन उत्तरदायी, पारदर्शी, मेहनती र सहयोगी संयन्त्रबाट नै समृद्धि हासिल गर्न सकिन्छ भन्ने मान्यतालाई हामीले आफ्नो मार्गदर्शनका रुपमा ग्रहण गरेका छौं ।

(३) ईन्द्रावती गाउँपालिका सिन्धुपाल्चोक जिल्लाको मध्यभागमा अवस्थित ऐतिहासिक गाउँपालिका हो । यस गाउँपालिका ईन्द्रावती तथा भ्याडी नदीले व्यस्थित रहेको छ । यस गाउँपालिकाको शिरमा नौलिङ्गेश्वर महादेव तथा काखमा ईन्द्रावती नदी एवं उर्वर भीमटार क्षेत्र रहेकोछ । यस

गाउँपालिकाको ओखेनीमा हिमाली हावापानी पाईन्छ भने भीमटारमा तराई जस्तै गर्मी (आद्र) हावापानी रहेकोछ । यस गाउँपालिका साविकको सिम्पालकाभ्रे, कुन्चोक, नवलपुर, बाँडेगाउँ, सिपापोखरे, भोटसिपा र भीमटार गरी ७ वटा गा.वि.स. मिलेर हाल १२ वटा वडा सहित ईन्द्रावती गाउँपालिका गठन भएको हो । गाउँपालिकाले **'दिगो विकास र शुसासनको लहर, ईन्द्रावती गाउँपालिकाबासीहरुको रहर'** भन्ने मुल नाराका साथ योजनावद्ध र दिगो विकासमा आफ्नो ध्यान केन्द्रीत गरेकोछ । सिङ्गो पालिकावासीलाई वाह्रै महिना सुलभ र सुरक्षित यातायात सेवा उपलव्ध गराउनका लागि ईन्द्रावती रिङ्गरोड, सुरक्षित र गुणस्तिरीय खानेपानी सेवाका लागि एक घर, एक खानेपानी धारा, युवाहरुको शारीरिक र मानसिक विकासका लागि खेलकुद, गुणस्तरीय शिक्षाका लागि तालिम प्राप्त र योग्य शिक्षक, शुलभ स्वास्थ्य सेवाका लागि, स्वास्थ्य संस्थाको विस्तार र नवलपुर प्राथमिक अस्पताल, वहुजातीय, वहुधार्मिक संस्कृतिको संरक्षण र विकास गर्दै पर्यटन प्रवर्द्धनका लागि धार्मिक र साँस्कृतिक महत्वका क्षेत्रहरुको संरक्षण, कृषि तथा माछा मासु जन्य उत्पादनमा आत्मनिर्भर र निकासी पैठारी गरी स्थानीय स्तरमा उद्यम र उद्यमीको सिर्जना तथा रोजगारी उपलव्ध गराउने एवं योजनावद्ध र दिगो विकासका लागि विस्तृत परियोजना प्रतिवेदनको आधारमा वजेट विनियोजन र स्विकृत गर्ने नीति लिएको छ ।

**(४) वार्षिक नीति कार्यक्रम र बजेट तर्जुमा गर्दा अवलम्बन गरिएको पद्धतिः**

संघीय सरकारको नीतिका आधारमा कार्यक्रम तयार गर्न सम्बन्धित क्षेत्रका अनुभवी व्यक्तिहरु समेत बसी उपलब्ध साधन स्रोतले धान्न सक्ने र स्थानीय आवश्यकता पुरा गर्ने उद्देश्यका साथ योजना छनौटको नीति लिइ बजेटको परिधि भित्र रही कार्यक्रम तयार पारिएको छ साथै केही समपूरक बजेटको समेत प्रक्षेपण गरिएको छ । बार्षिक बजेट तयार गर्दा संघीय र प्रदेश सरकारबाट प्राप्तहुने अनुदान र गाउँपालिकाको सम्भावित आन्तरिक स्रोत तथा मौज्दात रकम समेतका आधारमा बजेट तयार पारिएको छ । कार्यक्रम छनौट गर्दा प्रत्येक वडाका बस्तीस्तरमा टोल भेला आयोजना गरि सोही भेलामा आवश्यक कार्यक्रम बारे स्थानीय तहमा निर्वाचित जनप्रतिनिधिहरु बसी योजना बारेमा छलफल गराई योजना तयार गरिएको छ । योजना छनोट गर्दा आवश्यकताको सिद्धान्त, जनसंख्या र भुगोललाई आधार बनाइएको छ । वडा र टोल भेलाले छनौट गरेका योजनाहरुलाई एकीकृतगरी गाउँ कार्यपालिकाबाट प्राथमिकताका आधारमा तय गरिएकोछ । पहिलो प्राथमिकतामा परेका योजनाहरुलाई यस बर्षबाटै वजेट विनियोजन गरिएकोछ भने अरु आयोजनाहरु क्रमागत रुपमा दीर्घकालीन गुरुयोजनाका आधारमा सञ्चालनमा ल्याउने गरी तर्जुमा गरिएको छ । योजनाहरुलाई वडाले सञ्चालन गर्ने, गाउँपालिकाले सञ्चालन गर्ने,

प्रदेशले सञ्चालन गर्ने, केन्द्रले सञ्चालन गर्ने, गैरसरकारी संघ संस्था एवं दातृ निकाय सँग साझेदारीमा सञ्चालन हुने गरी छुट्याइएको छ ।

**(५) वार्षिक योजना तथा वजेट प्राथमिकीकरणका आधारहरु देहाय बमोजिम रहेकाछन :**

(क) ईन्द्रावती गौरवका उल्लेखित योजनाहरुः

(अ) ईन्द्रावती वृहद खानपानी योजना

(आ) ईन्द्रावती रंगशाला

(इ) नैलिङ्ग, गुफाडाँडा, बुढीचौर, रानी ओढार पर्यटकिय क्षेत्रको संरक्षण तथा विकास सम्वन्धी आयोजनाहरु ।

(ख) संयुक्त राष्ट्र संघीय विकास कार्यक्रम २०३० को दिगो विकासको लक्ष्यलाई हासिल गर्ने गरी गाउँपालिकाको दिगो आर्थिक विकास गर्ने र गरिवी निवारण गर्न प्रत्यक्ष योगदान पुऱ्याउने खालका आयोजना ।

(ग) उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने एवं जनताको जीवनस्तर, आम्दानी र रोजगारी बढने कार्यक्रमहरु, स्थानीय जनसहभागिता जुटने, स्थानीय सीप श्रोत र सीपको अधिकतम उपयोग हुने र स्वयम सेवा परिचालन गर्न सकिने तथा कम लागत र थोरै समयमा धेरैकाम गर्न सकिने आयोजना ।

(घ) दैनिक जीवनमा आधारभुत आवश्यकता पूरा गराउने आयोजना र अधिकतम जनसंख्यालाई लाभ पुग्ने, महिला, दलित, अपाङ्ग, उत्पिडित, उपेक्षित समूदाय, वृद्धवृद्धा व्यक्तिहरुलाई प्रत्यक्ष लाभ पुऱ्याउने आयोजना ।

(ङ) लैंङ्गिक समानता र सामाजिक समावेशीकरण अभिवृद्धि हुने र स्थानीय युवालाई रोजगारी हुने कार्यक्रमहरु, दिगो विकास, वातावरण संरक्षण, विपद व्यवस्थापनमा योगदान दिन सक्ने आयोजना, कृषि क्षेत्रको विकास गर्ने आयोजना ।

(च) स्थानीय तह, प्रदेश र केन्द्र सरकारले सञ्चालन गर्ने आयोजना ।

(छ) राष्ट्रिय तथा अन्तराष्ट्रिय दातृ संस्था र संघ संस्था संगको साझेदारीमा सञ्चालन हुने आयोजना ।

**(६) बार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्दा अबलम्बन गरिएका प्रमुख नीति तथा आधारहरु देहाय बमोजिम रहेका छनः**

(क) नेपालको संविधान, २०७२,

(ख) स्थानीय सरकार संचालन ऐन, २०७४,

(ग) राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोग ऐन, २०७४,

(घ) अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४,

(ङ) प्रदेश सरकारबाट जारी नीति, कानून, मापदण्डहरु,

(च) संघ र प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समय सीमा र प्रकृयासँग अनुकुल हुने आयोजना तथा कार्यक्रमहरु

(छ) आवधिक विकास योजना र मध्यकालीन खर्च संरचना अनुसार प्राथमिकताका विषयहरु,

(ज) दिगो विकासका लक्ष्यहरु

(झ) चौधौ योजनाका लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीतिहरु

(ञ) जनप्रतिनिधि तथा नागरिक एवं सरोकारवाला निकायबाट प्राप्त पृष्ठपोषण

(ठ) वातावरण संरक्षण, जलवायु परिवर्तन अनुकुलन, विपद व्यवस्थापन,

(ड) समाजका सबै वर्ग, क्षेत्र र समुदायको अधिकतम सहभागिता सुनिश्चित गर्ने विषयहरुका साथै लैङ्गिक समानता तथा समावेशीकरण नीति,

(ढ) नेपाल सरकारले अन्तराष्ट्रिय जगतमा गरेका सन्धी तथा प्रतिवद्धताहरु आदि ।

**(७) ईन्द्रावती गाउँपालिकाको आव. ०७६/७७ को वार्षिक गाउँ विकास योजना तर्जुमाको क्रममा देहायको नीतिहरुलाई आधारको रुपमा अवलम्वन गरिनेछ ।**

**हाम्रो गाउँपालिका, हाम्रो विकास, हाम्रो रोजगार, हाम्रो सरोकार ।**

**क, आ.व. ०७६/७७ को निति तथा कार्यक्रमको विशेषताहरू**

**१, ३ वर्ष भित्र ६५०० घरपरिवारलाई घरघरमा स्वच्छ र सफा खानेपानीको धारा उपलब्ध गराउने ।**

**२, नवलपुर ज्यामिरेमाने सडक कालो पत्रे गर्ने ।**

**३, आर्थिक वर्ष ०७३/७४ (सो भन्दा अगाडी देखि) सम्मको मालपोत पूर्ण रूपमा मिनाहा गर्ने ।**

**४, ईन्द्रावती रंगशाला निर्माण गर्ने ।**

**५, नमुना विद्यालयको स्थापना र व्यवस्थापन साथै कृषि महा विद्यालयको स्थापना गर्ने ।**

**६, ५०० मे.ट. क्षमताको शित भण्डार निर्माण गर्ने ।**

**७, नौलिङ्गेश्वर महादेव, गुफा डाँडा, रानी ओढार र बुढीचौर पर्यटन क्षेत्रको रूपमा विकास गर्ने ।**

**८, वि.सं २०७२ सालको विनाशकारी भूकम्पमा परी ज्यान गुमाउने हरूको संझनामा भूकम्प स्मारक तथा स्तुपा निर्माण गर्ने ।**

**९, गाउँपालिका लाई पूर्ण खोप घोषण गरी गुणस्तर सुनिश्चितता गर्ने ।**

**१०, खुल्ला दिशा मुक्त गाउँ पालिका घोषणा गर्ने ।**

**११, पशु विमा कार्यक्रममा विमाङ्क रकम गाउँ पालिकाले वर्होने ।**

**१२, विद्यालयमा स्यानेटरी प्याडको व्यवस्था गर्ने ।**

**१३, सुत्केरी आमाहरूलाई अण्डा उपहार प्रदान गर्ने ।**

**पञ्च वर्षिय (०७५/७६ - ०८०/८१ आवधिक योजनामा ईन्द्रावती गाउँपालिकाको दुरदृष्टिः-**

**"गुणस्तरयुक्त पूर्वाधारहरू, उत्पादकत्वमा सुधार, उत्पादनमा वृद्धि, सुमधुर बजारीकरण र रोजगारीको वृद्धि भई ईन्द्रावती गाउँपालिकावासीको जीवनस्तरमा उल्लेख्य सुधार हुनेछ" ।**

(७.१) नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन २०७४, स्थानीय तहको बजेट तथा कार्यक्रम तर्जुमा दिग्द्धर्शन २०७४, अनुरुप स्थानीय तहहरुको वार्षिक योजना तर्जुमाका लागि वडा तथा वस्तीस्तरको भेला, वडा समितिको. वैठक, विषयगत समितिको वैठक, एकीकृत योजना तर्जुमा समितिको वैठकवाट प्राप्त योजनालाई वडा स्तरीय गौरवका योजनाहरु र गाउँपालिकाको गौरवका योजनाको रुपमा परिभाषित गरी उक्त योजना सम्पन्न गर्नका लागि आवश्यक बजेट तथा कार्यक्रम तयार गरी कार्यान्वयन गर्ने व्यवस्था मिलाईएकोछ । भौतिक पूर्वाधार तर्फ खानेपानी, सडक, वडा कार्यालय भवन, विद्यालय तथा स्वास्थ्य संस्थाको भवन, कोल्ड स्टोरेज, पर्यटन प्रवर्द्धनका लागि पूर्वाधार निर्माणलाई प्राथमिकता प्राप्त कार्यक्रममा राखिएकोछ ।

(७.२) "विद्यमान सुन्दरतालाई तहस नहस पार्ने खालको विकास प्रतिष्ठाको विषय हैन, भएका संरचानको संरक्षण र स्तरोन्नती गरी सेवा सुचारुगर्ने वाहेक अरु विकल्प छैन" । नेपालको संविधान २०७२ को धारा (३५) (४) मा प्रत्येक नागरिकलाई स्वच्छ र सुलभ खानेपानी तथा सर सफाईको हक हुनेछ भनि स्वास्थ्य सम्वन्धी भौतिक हकको रुपमा उल्लेख भए बमोजिम "**<u>स्वच्छ र सुलभ खानेपानीको उपलब्धता, आजको आवश्यकता</u>**" भन्ने विषयलाई मनन् गर्दै सम्पूर्ण पालिकावासीलाई खानेपानी सेवा उपलब्ध गराउने कार्यको लागि विस्तृत परियोजना प्रस्ताव तयार गरी आगामी आर्थिक वर्षमा निर्माण कार्यको सुरुवात गरिनेछ साथै आगामी आर्थिक वर्षमा एकघर एकधारा अवधारणा अनुसार २ हजार घरधुरीलाई र ३ वर्ष भित्रमा ६ हजार ५ सय घरधुरीलाई स्वच्छ र सफा खानेपानी उपलब्ध गराउने नीति लिईएको छ । यसवाट दिगो विकास लक्ष्य ६ हासिल गर्न मद्दत पुग्नेछ ।

(७.३) गाउँपालिका भित्र रहेका सडकको मर्मत संभार गरी "**<u>वाह्रवटै वडामा वाह्रै महिना सार्वजनिक</u>**" यातायात सञ्चालनको व्यवस्था मिलाईनेछ । गाउँपालिकावाट सञ्चालन गरिने योजनाहरुको परियोजना बैङ्क तयार गरिएकोछ । गाउँपालिकाले सिमित स्रोत र साधनको अधिकतम उपयोग गर्ने नीति अनुरुप केन्द्र तथा प्रदेश सरकार संग र राष्ट्रिय तथा अन्तराष्ट्रिय दातृ निकाय र संघ

संस्थाहरु संग पूर्वाधार निर्माणमा साझेदारी गर्ने नीति लिईएको छ । आगामी आर्थिक वर्ष देखि प्रदेश सरकारको सहयोगमा नवलपुर ज्यामिरे माने सडक कालो पत्रे गर्दै लगिनेछ ।

(७.४) "जल, जमिन, जंगल, जडिबुटी र जलाधार, स्थानीय जनताको समृद्धिको आधार"। स्थानीय स्तरमा **रोजगारी सिर्जनाका लागि स्थानीय जनशक्ति परिचालन** गरी पूर्वाधार निर्माणमा हुने मेसिन उपकरणको प्रयोग न्यूनीकरण गर्दै स्थानीय श्रम र सीपलाई अधिकतम उपयोग गर्ने गरी आगामी आर्थिक वर्ष देखि मेसिन उपकरणको प्रयोगलाई घटाउँदै स्थानीय श्रमशक्ति उपयोग हुने खालका योजनाहरु कार्यान्वयनमा ल्याईनेछ ।

(७.५) स्थानीय सरकार र नागरिक विचको सहमति सहकार्य र सहलगानीलाई प्राथमिकता दिंदै भौतिक पूर्वाधार निर्माणमा नागरिकको सहभागिता अभिवृद्धि गर्दै दिगो विकास तर्फ गाउँपालिकाको ध्यान केन्द्रीत गरिएकोछ । योजनालाई पारदर्शि र दिगो हुने गरी पूर्वाधार विकास तर्फ कम्तीमा ३ लाख सम्मका योजनालाई वडाले छनौट गरी कार्यान्वयन गर्नु पर्ने व्यवस्था मिलाईएकोछ ।

(७.६) जुनसुकै योजनाहरु कार्यान्वयन गर्दा ३ लाख भन्दा माथिका योजनाको विस्तृत विवरण उल्लेख भएको सूचना वोर्ड आयोजना स्थलमा अनिवार्य रुपमा राख्नु पर्ने व्यवस्था गरिएकोछ ।

(७.७) गाउँपालिका भित्र रहेका नदीनालामा **कजवे तथा मोटरेवल पुल निर्माण गरी यातायात सेवा वर्षभरी सञ्चालन** गरिनेछ ।

(७.८) स्थानीय वासिन्दाहरु आवत जावत गर्ने गोरेटो तथा घोडेटोवाटो र पदमार्गहरुमा रहेका **नदीनालामा झोलुङ्गे पुल**को निर्माण गरिनेछ ।

(७.९) ग्रामिण कृषि सडकहरुमा नाला निर्माण तथा ग्राभेलिङ्ग र सोलिङ्ग गरी ग्रामिण कृषिसडकहरुलाई क्रमशः स्तरोन्नती गर्दै लगिनेछ । पानीको पर्याप्त स्रोत भएको स्थानहरुमा सिचाई सेवा विस्तार गरिनेछ । पानीको अभावहुने क्षेत्रहरुमा प्लाष्टिक पोखरी तथा लिफ्ट सिंचाइ कार्यक्रम सञ्चालन गरी कृषि उत्पादन वृद्धि गर्ने नीति लिईएको छ । कृषि सडकको विकास गरी कृषि पैदावार ओसार पसारमा सघाउ पुऱ्याईनेछ ।

(७.१०) गाउँपालिकाको कार्यालय, विषयगत शाखा कार्यालय तथा वडा कार्यालयहरु, एवं बजार क्षेत्र एवं सामाजिक महत्वका स्थानमा विद्युत आपूर्तिको लागि वैकल्पिक व्यवस्था गरी वैकल्पिक उर्जा प्रवर्द्धन कार्यक्रम संग समन्वय र सहकार्य तथा साझेदारी गर्दै सोलार प्रविधि जडान गरिनेछ ।

(७.११) **गाउँपालिकाको आफ्नै प्रशासनिक भवन निर्माण** गरी एकै स्थानवाट सेवा प्रवाह हुने व्यवस्था मिलाईनेछ । विद्यालयहरुको लागि सुरक्षित कक्षा कोठा निर्माण कार्यक्रम सरकारी तथा दातृ निकायहरु संगको साझेदारीमा कार्यान्वयन गरिनेछ ।

(७.१२) संघीय सरकार तथा प्रदेश सरकारको नीति अनुसार तथा गाउँपालिकाको योजना एक गाउँपालिका एक रंगशाला एक वडा एक खेल मैदान अवधारणा अनुसार आगामी आ.व. देखि ईन्द्रावती रंगशाला निर्माण गरिनेछ ।

(७.१३) **किसानलाई समयमानै सुलभ, सहज र सहुलियतपूर्ण रुपमा विऊ विजन उपलव्ध गराउन**का लागि वडा नं. ७ मा प्रदेश सरकार संगको साझेदारीमा ५०० मे.टे क्षमताको शित भन्डार निर्माणको काम आगामी आर्थिक वर्षमा गर्ने गरी बजेट व्यवस्था गरिएकोछ ।

(७.१४) नवलपुर प्राथमिक अस्पताल भवनको निर्माण गरी गुणस्तरिय स्वास्थ्य उपचारको प्रवन्ध मिलाईनेछ । वडाहरुमा स्वास्थ्य चौकी र सामुदायिक स्वास्थ्य ईकाईको विस्तार गरिनेछ । हेल्थपोष्ट भवन निर्माणका लागि आवश्यक जग्गाको व्यवस्था गरी **२ वटा हेल्थपोष्ट भवन ५ वटा स्वास्थ्य ईकाई भवन निर्माण गरिनेछ** ।

(७.१५) **खुल्ला दिशामुक्त गाउँपालिका, सफा र स्वच्छ गाउँघर** अभियान सञ्चालन गरिनेछ ।

(७.१६) **आगामी ३ वर्ष भित्र सवै नागरिकहरुको लागि स्वच्छ र सफा खानेपानीको व्यवस्था** गरिनेछ ।

(७.१७) **सुरक्षित र सफा घर सभ्य नागरिक, सफा स्वच्छ गाउँघर र सुन्दर गाउँपालिका** अभियानलाई विशेष प्राथमिकता दिईनेछ ।

(७.१८) पूर्वाधारका क्षेत्रमा गरिनु पर्ने कामलाई विस्तृत परियोजना प्रतिवेदन (Detail Project Report) तयार गर्दै सो आधारमा सडक, खानेपानी, विजुली र सिंचाई जस्ता विकासका पूर्वाधारलाई स्तरोन्नती र विस्तृतिकरण गर्दै लगिनेछ ।

(७.१९) “समान र गुण्स्तरीय शिक्षा, पालिकाको आजको आवश्यकता” शिक्षा क्षेत्र सुधारका लागि योग्य र विषयगत शिक्षकको व्यवस्था गरिनेछ । **“भोकोपेटमा सिकाई प्रभावकारी हुँदैन”** भन्ने मान्यतालाई आत्मसाथ गर्दै विद्यालयमा अध्ययनरत वालवालिकाको पोषणलाई सुधार ल्याउन दिवा खाजा कार्यक्रम ४५ वटै विद्यालयमा विस्तार गरिनेछ । यसवाट हालको विद्यार्थी भर्नादर ९७% लाई १००% मा पुऱ्याउन र विद्यालय छोडने समस्याको समाधान हुनेछ । यसवाट **दिगो** विकासको लक्ष्य ४ हासिल गर्नका लागि मद्दत पुग्नेछ ।

(७.२०) विद्यार्थीहरुको शैक्षिक, मानसिक र शारीरिक विकासका लागि पढाई संग संगै अतिरिक्त कृयाकलाप र खेलकुदलाई लैजाने नीति लिईएको छ ।

(७.२१) विद्यालयहरुमा पुस्तकालय र विज्ञान प्रयोशालाको व्यवस्था गरिने छ । साथै आधुनिक युग सुहाँउँदो सूचना र प्रविधिको माध्यमवाट सिकाईको स्तरमा गुणत्मक उपलव्धी हासिल गर्नका लागि विद्यालयमा सूचना प्रविधि कार्यक्रम सञ्चालन गर्ने नीति लिईएकोछ ।

(७.२२) विद्यालय शिक्षामा अनाथ तथा असहाय, दलित, सिमान्तकृत वालवालिकाको पहुँच बढाउनका लागि अनाथ तथा असहाय वालवालिका छात्रवृत्ति कार्यक्रम, सञ्चालन गरिनेछ ।

(७.२३) अपाङ्गता भएका तथा बिपन्न बालबालिका लाइ बैकल्पिक शिक्षाको पहुच मार्फत शिक्षाको अबसर प्रदान गरिनेछ । **शिक्षक तथा कर्मचारीहरुलाई परिणाममूखी, उत्तरदायी र पेशागत रुपले सक्षम बनाइनेछ** ।

(७.२४) शिक्षा समितिको नेतृत्वमा उपसमितिहरु बनाई प्रत्येक वर्ष विद्यालयको अनुगमन गरी तदनुसार शिक्षक, प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समिति, विद्यार्थी र कर्मचारी पुरस्कृत गर्ने, सघाउने र गुणस्तर सुनिश्चित गर्ने प्रबन्ध मिलाइने छ । विद्यार्थीलाई पढाईबाट सिकाईमा रुपान्तरण गर्ने व्यवस्था मिलाइनेछ ।

(७.२५) स्थानीय, राष्ट्रिय तथा अन्तराष्ट्रिय विज्ञको सहयोगमा माध्यमिक तह सम्मको शिक्षा प्रविधियुक्त, सीपयुक्त, निःशुल्क, बालमैत्री र समावेशि गराइनेछ । विद्यालयहरुको भौतिक पुर्वाधार निर्माण गर्दा भुकम्प प्रतिरोधी बनाइनेछ र विपदबाट बच्नकालागि बालबालिकाहरुलाई नमूना अभ्यास गराइनेछ ।

(७.२६) भौतिक संरचना निर्माण गर्दा अपांगता मैत्री निर्माणमा जोड दिइनेछ । गाउँपालिका भित्रका विद्यालयमा अध्ययनरत वालवालिकाको पोशाकमा एकरुपता ल्याईनेछ । हप्तामा कम्तिमा औपचारिक तथा अनौपचारिक गरी २ थरी पोशाकको व्यवस्था मिलाईनेछ । विद्यालयमा शारीरिक र मानसिक विकासका लागि खेलकुद कार्यक्रम सञ्चालनमा जोड गरिनेछ ।

(७.२७) गाउँपालिका भित्रका सामुदायिक विद्यालयहरु मध्ये गुणस्तरीय शिक्षा प्रदान गरी राम्रो नतिजा ल्याउन सफल सामुदायिक विद्यालय तथा शिक्षकलाई प्रोत्साहन/पुरस्कृत गर्ने नीति लिईएकोछ ।

(७.२८) लैगिक समानताका लागि महिला पुरुषवीच हुने विभेद, जातजाती वीच हुने विभेद र धार्मिक सम्प्रदाय हरुको आस्थाको संरक्षण र प्रवर्द्धन गर्ने नीति लिईएकोछ ।

(७.२९) विद्यालय जाने उमेर नपुगेका वालवालिकाहरुको लागि वाल विकास केन्द्रलाई सिकाई केन्द्रमा परिणत गर्ने नीति अनुरुप वालविकास केन्द्रहरुको भौतिक तथा व्यवस्थापकीय सुधार गर्दै लगिनेछ । आधारभूत तहमा मातृभाषाको पढाईलाई जोड दिईनेछ ।

(७.३०) **“मानव जीवनका तीन आयम वाल्य अवस्था, युवावस्था र वृद्धावस्था”** लाई मध्यनजर गर्दै वाल्यवस्थाका लागि पोषण र शिक्षा दिक्षा, युवा अवस्थाकालागि शिक्षा, सीप र प्रविधि, वृद्धावस्थाका लागि औषधोपचार र सम्मानका कार्यक्रमहरु तर्जुमा गरी लागु गरिनेछ ।

(७.३१) अनाथ तथा जोखिमयुक्त बालबालिकाको लागि सामाजिक सुरक्षा प्रदान गर्न विगतमा गाउँ वाल संरक्षण समिति मार्फत सञ्चालन हुँदै आएको वाल अक्षय कोषलाई एकिकृत गरी पालिका भित्रका वावु आमा विहीन वाल वालिकाहरुको लागि शिक्षा, स्वास्थ्य र आवासमा सहयोग गर्ने कार्यक्रम सञ्चालन गरिनेछ ।

(७.३२) सामुदायिक विद्यालयमा दलित तथा जेहेन्दार विद्यार्थीहरुका लागि प्रोत्साहन स्वरुप छात्रवृत्ति कार्यक्रम सञ्चालन गरिनेछ ।

(७.३३) महिला हिँसा, वालवालिका माथि हुने हिँसा, वाल विवाह गर्ने र गराउने कार्य प्रति शुन्य सहनशिलताको नीति अवलम्वन गरिनेछ । **"महिला पुरुष वरावरी घरायसी काममा साझेदारी अभियान"** चलाईनेछ । **दिगो विकास लक्ष्य ५ हासिल गर्ने कार्यक्रम तर्जुमा गरि लागु गरिनेछ ।**

(७.३४) ईन्द्रावती गाउँपालिकावासी एम.वि.वि.एस. अध्ययनरत ३ जना विद्याथीहरुलाई प्रति विद्यार्थी रु १ लाख छात्रवृत्ति प्रदान गरिनेछ ।

(७.३५) स्थानीय सरकारको निर्णय प्रकृयामा महिला, वालवालिका, अपाङ्ग, दलित, र जेष्ठ नागरिकको सहभागिता सम्मानजनकरुपमा बढाईनेछ ।

(७.३६) प्रधानमन्त्री स्वरोजगार कार्यक्रमलाई व्यवस्थित र प्रभावकारी वनाउँदै **"छोरा छोरी विद्यालयमा वावुआमा व्यावसायमा"** कार्यक्रम सञ्चालन गरिनेछ ।

(७.३७)सुन्दर भविष्यका लागि स्वस्थ्य वालवालिका कार्यक्रम ल्याईनेछ ।

(७.३८) **"खानपानको आदत परिवर्तन गरौ स्वस्थ वनौं"** भन्ने नाराका साथ मदिरा रहित खानपान स्वस्थ्य जीवनलाई व्यावहारमा ल्याईनेछ ।

(७.३९)**समाजमा विद्यमान रुढीवाढी र कुसंस्कारवाट टाढा रहौं वैज्ञानिक र तथ्यपरक वनौ** भन्ने चेतनामुलक कार्यत्रक्रम सञ्चालनमा ल्याईनेछ ।

(७.४०) उज्वल भविष्यका लागि शारीरिक र मानसिक रुपमा स्वस्थ वालवालिका भन्ने मान्यता अनुरुप १००० दिने आमाहरुको पोषण तथा सरसफाईमा सुधारका लागि सरकारी तथा गैरसरकारी क्षेत्र संगको साझेदारीमा पोषणको अवस्था सुधार कुखुराको चल्ला वितरण गरिने कार्यक्रम सञ्चालन गरिनेछ ।

(७.४१) हाल राजेश्वरी माध्यामिक विद्यालय सिपापोखरेमा सञ्चालित १८ महिने कृषि प्रिाविधिक शिक्षालाई निरन्तर सहयोग गर्दै आगामी वर्षमा अन्य विषयमा प्राविधिक शिक्षामा जोड दिईनेछ । ऐसेलु खर्क नमुना माध्यामिक विद्यालयलाई ३ वर्षे कृषि प्राविधिक विषयको लागि सम्वन्धित

निकायवाट अनुमतिका लागि पहल गरिनेछ । गाउँपालिका भित्र सञ्चालनमा रहेका पाँचपोखरी क्याम्पस र अभयानन्द क्याम्पसको गुणस्तर सुधारको आधारमा अनुदानको व्यवस्था गरिनेछ ।

(७.४२) वालवालिकाको सुरक्षाको लागि आवश्यक खोपको प्रवन्ध गरिनेछ । गाउँपालिकालाई पूर्ण खोपयुक्त घोषणा गर्दै निरन्तरता दिई थप प्रभावकारी वनाईनेछ । हेपाटाईटिस वि. र मेनेन्जाईटिस विरुद्धको खोपहरु समेत विद्यालयमा अध्ययन गरि रहेका वालवालिकाहरुलाई लक्षित गरेर सञ्चालन गरिनेछ ।

(७.४३) गर्भवती आमाहरुलाई स्वास्थ्य संस्थामा गएर सुत्केरी हुन प्रोत्साहन गरिनेछ । साथै दक्ष जनशक्तिको लागि तालिमको व्यवस्था मिलाईनेछ ।

(७.४४) वालवालिका, जेष्ठ नागरिक र महिलाहरुको स्वास्थ्य अवस्थामा सुधार ल्याउनका लागि घुम्ती जाँच स्वास्थ्यकर्मी परिचालन गरिनेछ ।

(७.४५) महिनावारीको कारणले गर्दा छात्राहरुले विद्यालयमा अनियमितता हुने तथा विद्यालय छोडनु पर्ने अवस्थालाई ध्यानमा राखि विद्यालयहरुमा **स्यानीटरी प्याड राख्ने भेण्डिङ्ग मेसिन राखिनेछ** । यसवाट छात्राहरु विद्यालयमा नियमित हुने विद्यालय छोड्ने वालिकाहरुको संख्यामा कमि आउनुका साथै सिकाई प्रभावकारी वनाईने नीति लिईएकोछ ।

(७.४६) गाउँघरमा आमा र नवजात शिशुको स्वास्थ्य सुधारको लागि उल्लेखनीय भूमिका खेल्ने महिला स्वास्थ्य स्वयं सेविकाहरुको योगदानलाई उच्च मूल्याङ्कन गर्दै महिला स्वास्थय स्वयं सेविकालाई यातायात खर्च वापत रु १००० दिईनेछ । सर्वोकृष्ट स्वयं सेविकाहरुलाई  सम्मान एवं पुरस्कृत गरिनेछ । साथै उमेरको कारणले अवकाश हुने महिला स्वास्थ्य स्वयं सेविकालाई एकमुष्ठ आर्थिक सहयोग स्वरुप रु २० हजार प्रदान गरी विदाई गरिनेछ ।

(७.४७) गाउँपालिकाको स्वास्थ्य स्थितिको वारेमा जानकारी हासिल गरी उक्त जानकारीलाई वार्षिक तथा आवधिक योजनामा उपयोग गर्नका लागि सिङ्गो गाउँपालिकाको स्वास्थ्य अवस्था झल्किने स्वास्थ्य पार्श्वचित्र तयार गरी प्रकाशन गरिनेछ ।

(७.४८) मोतियाविन्दुको कारणले दृष्टिविहिनभई घरैमा वसीरहेका दृष्टिविहिनहरुको लागि स्थानीय स्तरमानै मोतियाविन्दुको उपचारका लागि द रेयुकाई आँखा अस्पताल, वनेपाको समन्वयमा घुम्ती आँखा शिविर सञ्चालन गरिनेछ र त्यस्ता रोगीहरुको उपचारको लागि गाउँपालिकाले आर्थिक सहयोग गर्नेछ ।

(७.४९) दिर्घरोगी तथा जटिल रोग लागेर उपचारको समस्या भ्केलिरहेका रोगीहरुको लागि स्वास्थ्य उपचारमा सहयोग गर्ने कार्यक्रमलाई निरन्तरता दिईनेछ साथै घुम्ती स्वास्थ्य उपचार शिविरको सञ्चालन गरी वृद्ध, वृद्धाहरुको उपचारमा विशेष व्यवस्था गरिनेछ ।

७.५०) स्वास्थ्य संस्थाहरुको भवन, निर्माण तथा मर्मत संभारका लागि सरकारी तथा दातृ निकाय संगको सहकार्यमा कार्यक्रम तर्जुमागरी कार्यान्वयन गरिनेछ ।

(७.५१) दुग्ध उत्पादनको लागि पशुपालन गर्ने किसानहरुलाई प्रोत्साहन गर्दै पशुपालक किसानको पशुधनवाट हुने नोक्शानीलाई कम गर्न **पशु विमा कार्यक्रम**का लागि विमाकं वापत गाउँपालिकाले प्रति पशु रु ७५० प्रदान गरिनेछ ।

(७.५२) गाउँपालिका भित्र दुग्धपदार्थको मागमा आधारित भएर स्थानीय किसानवाट उत्पादित दुग्धजन्य पदार्थको विविधिकरण गरी बजारीकरणमा टेवा पुऱ्याउने नीति लिईएकोछ ।

(७.५३) व्यावसायिक पुष्पखेती प्रवर्द्धन तथा मौरीपालनको विस्तार गरी किसानहरुको आम्दानीमा वृद्धि गरिने नीति लिईएकोछ ।

(७.५४) वाखापालन व्यावसायलाई प्रोत्साहन गर्न उन्नत जातको वोका वितरण गर्नका साथै मासुमा आत्म निर्भर वन्दै निर्यात गर्ने गरी व्यावसाय प्रवद्धनमा सहयोग गरिनेछ ।

(७.५५) किसानहरुले पालिरहेका पशुहरुमा समय समयमा विभिन्न किसिमका रोगव्याधि फैलिएर ठूलो नोक्सानी व्यर्होनु परेको अवस्थालाई ध्यानमा राख्दै पशुजन्य प्रकोप नियन्त्रणको लागि आकस्मिक कोषको व्यवस्था गरिनेछ ।

(७.५६) दिगो विकास लक्ष्य १ लाई हासिल गर्ने उद्देश्यले स्थानीय श्रम योग्य जनशक्तिलाई गाउँपालिका तथा प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत आगामी आर्थिक वर्षमा १००० जनालाई स्थानीयस्तरमा नै रोजगारीको अवसर उपलव्ध गराईनेछ ।

(७.५७) युवाहरुको विदेश पलायनलाई न्यूनीकरण गर्दै युवाहरुको श्रम र सीपलाई स्थानीय स्तमा नै अवसरको रुपमा प्रयोग गर्ने नीति अनुरुप युवा लक्षित व्यावसाय प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ । जसवाटै ३०० जना युवाहरुले शिप विकास तालिम प्राप्त गरी रोजगारीको अवसर प्राप्त हुनेछ ।

(७.५८) **"विकासको फल विपन्नलाई पहिले"** भन्ने नीति लिईएकोछ । विपन्न वर्गको आय आर्जनका लागि विशेष कार्यक्रम तर्जुमा गरी लागु गरिनेछ । साथै **"स्वस्थ्य जीवनका लागि सन्तुलित भोजन"** भन्ने अवधारणा अनुरुप दैनिक खानपानको आदतमा परिवर्तन ल्याउन र स्थानीय

हावापानी अनुरुप फलफूल उत्पादन तथा उपभोगको व्यवस्था मिलाउनका लागि **"एकघर ५ फलफूलको विरुवा"** अभियान सञ्चालन गरिने नीतिलाई निरन्तरता दिईनेछ ।

(७.५९) वडा नं १ को कात्तिके, थालखर्क र ओखेनीमा कि.वि. र अलमण्डको पकेट क्षेत्रको रुपमा विकास गरिनेछ । प्रदेश सरकार कृषि मन्त्रालय संग सहकार्य गरी ईन्द्रावती कोरिडोरमा मास उत्पादनलाई विशेष जोडदिई भिमटारको मासलाई ब्राण्डीङ्ग गरी निकासी गरिनेछ ।

(७.६०) गाउँपालिकाका उच्च तथा पारिलो भागमा रहेका वडाहरुमा अमिलो जातका सुन्तला तथा कागती खेतीलाई प्रोत्साहन गरिनेछ । तल्लो भागमा आँप र लिचि उत्पादनमा जोड दिईनेछ ।

(७.६१) **"एकघर एक, करेसावारी"** कार्यक्रमलाई निरन्तरता दिई तरकारी वालीमा स्वः आत्मानिर्भर वनाईनेछ ।

(७.६२) विपन्न तथा अपाङ्गता भएका परिवारका वालवालिकाको पोषणमा सुधार ल्याउनका लागि कुखुराको चल्ला उपहारको रुपमा वितरण गरिनेछ ।

(७.६३) पशु स्वास्थ उपचारलाई प्रभावकारी र गुणस्तरिय, सुलभ र सहज वनाउनका लागि आगामी ३ वर्ष भित्र एक वडा एक पशु प्राविधिकको व्यवस्था गरिनेछ ।

(७.६४) गैरकाष्ठ प्रजातिका उच्च मूल्य प्राप्त हुने बनस्पति तथा जडिबुटी खेतीलाई प्रोत्साहन गरिनेछ ।

(७.६५) कृषि क्षेत्रको विकास तथा कृषि प्राविधिकको उत्पादनका लागि आगामी ३ वर्ष भित्र कृषि माहाविद्यालय स्थापनाका लागि आवश्यक प्रकृया अगाडी बढाईनेछ ।

(७.६६)ऐतिहासिक महत्वका स्थानहरु नौलिङ्ग महादेव, रानी ओडार, बुढीचौरको संरक्षण र विकासका लागि आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ ।

(७.६७)२०७२ सालको भुकम्पमा परी जीवन गुमाउनेहरुको सम्झनामा ईन्द्रावती गाउँपालिका वडा नं. ४ स्थित नवलपुर मानेडाँडामा भुकम्प स्मारक तथा वौद्ध स्तुपा निर्माण गरि पर्यटकको आकर्षण बढाईनेछ ।

(७.६८) साँस्कृतिक रुपले धनि यस गाउँपालिकाका वस्तीहरुमा राष्ट्रिय तथा अन्तराष्ट्रिय पर्यटकहरुको लागि होमस्टे, गुम्वास्टे र होटलस्टेको व्यवस्थाका लागि स्थानीय वासिहरुलाई आवश्यक सीप प्रदान गरिनेछ । यसवाट स्थानीय वासीहरुको आय आर्जनमा वृद्घि गर्ने नीति लिईएकोछ ।

(७.६९) दाह संस्कार स्थललाई सफा र स्वच्छ वनाई वातावराणीय प्रदुषणमा न्यूनिकरणका ल्याउनकालागि विभिन्न जातीहरुको मृतकहरुको दाह संस्कारका लागि व्यवस्थित र एकीकृत दाह संस्कार स्थल निर्माण गरीनेछ ।

(७.७०) राजधानीवाट ४ घण्टाको दुरीमा रहेको यस गाउँपालिकामा पर्यटन पदमार्ग निर्माण गरी स्थानीय होमस्टेहरुमा पर्यटकहरुको खानपान र वसोवासको व्यवस्थापन गरी स्थानीय स्तरमा पर्यटन उद्यम स्थापना र उद्यमी विकासगरी स्थानीय वासिन्दाहरुको आयआर्जनमा वृद्धि गरिनेछ ।

(७.७१) गाउँपालिकामा पर्यटन प्रवर्द्धनका लागि नेपाल पर्यटन वोर्ड संगको सभ्केदारीमा तर्जुमा गरिएको एकीकृत पर्यटन गुरु योजना कार्यान्वयमा ल्याईनेछ । साथै गाउँपालिका भित्र पर्यटकहरुका लागि आकर्षक गन्तव्य स्थलको खोजी तथा विकास गरिनेछ ।

(७.७२) सीप र प्रविधियुक्त जनशक्तिले मात्र छिटो, छरिटो र गुणस्तरिय सेवा प्रदान गर्न सक्ने हुनाले समसामयिक कानून तथा प्रविधिको वारेमा जनप्रतिनिधि, कर्मचारी र उपभोक्ता समितिका पदाधिकारीहरुको लागि तालिमको व्यवस्था गरी गाउँपालिकावाट प्रदान गरिने सेवालाई थप प्रभावकारी वनाईने नीति लिईएकोछ ।

(७.७३) स्थानीय सरकारको प्रभावकारीता वृद्धिका लागि सूचना र प्रविधिको प्रयोग गरी सवै वडा कार्यालयहरुमा इन्टरनेट जडान गरी सूचना प्रवाह कार्यलाई थप प्रभावकारी वनाईनेछ । जन्म, विवाह, वसाई सराई, सम्वन्ध विच्छेद र मृत्युजस्ता प्रमाण पत्रहरु सफ्टवेयर मार्फतनै वितरण गरिनेछ ।

(७.७४) सामाजिक सुरक्षा भत्ताका लाभग्राहीहरुको नामावली सफ्टवेयर मार्फत प्रविष्ट गरी वैङ्कसम्म आउन नसक्ने अशक्त, वृद्धवृद्धा लाभग्राहीहरुका लागि घरदैलोमानै सामाजिक सुरक्षा भत्ता वितरण गर्ने र अन्यलाई वैङ्क मार्फत सामाजिक सुरक्षा भत्ता वितरणको व्यवस्था मिलाईनेछ ।

(७.७६) गाउँपालिकाका गतिविधिहरु र आम्दानी खर्च सर्व साधारण नागरिकहरुको जानकारीका लागि स्थानीय पत्रपत्रिका, एफएम रेडियो र टेलिभिजन मार्फत समेत प्रकाशन र प्रशारणको व्यवस्था मिलाईनेछ ।

(७.७५) गाउँपालिका र वडा कार्यालयवाट उपभोक्ता समिति मार्फत हुने ३ लाख भन्दा माथिका योजनाहरु र ठेक्का वन्दोवस्तद्धारा सञ्चालन हुने योजनाहरुको  आयोजना स्थलमानै आम नागरिकहरुको जानकारीको लागि होर्डिङ्ग वोर्ड राख्ने व्यवस्था मिलाईनेछ ।

(७.७६) गाउँपालिका भित्र रहेका नाङ्गा खाली सरकारी तथा सार्वजनिक जग्गाहरुमा वृक्षारोपण गरिनेछ । सामुदायिक वन समितिहरु संगको सहकार्यमा वन कार्य योजना तर्जुमा गरी कार्यान्वयन गर्ने व्यवस्था मिलाईनेछ ।

(७.७७) सल्ला जातको रुख विरुवा भएको जंगलमा चौडापाते वन विकास र विस्तार गरिनेछ ।

(७.७८) स्थानीय बजारको माग, निर्यात योग्य वस्तु तथा सेवा स्थानीय सीप र प्रविधि एवं कच्चा पदार्थमा आधारित साना तथा घरेलु उद्योगको स्थापना र प्रवर्द्धन गर्ने नीति लिईएकोछ।

(७.७९) ईन्द्रावतीमा भ्रमण गरेर फर्कने आन्तरिक तथा वाह्य पर्यटकले यस पालिकाको चिनो/उपहारको रुपमा खरिद गर्न वस्तु उत्पादन गर्न चाहने उद्योगी व्यावसायिहरुलाई प्रोत्साहन गर्ने नीति लिईएकोछ।

(७.८०) विदेशवाट सिकेर आएको सीप र प्रविधि प्रयोग गरेर स्वदेशमानै श्रम र व्यावसाय गर्न चाहने युवाहरु लक्षित युवा व्यवसायी प्रोत्साहन कार्यक्रम सञ्चालन गरिनेछ। साथै घरेलु तथा साना उद्योग विकास समिति संगको साझेदारीमा सीप र प्रविधि प्रदान गरिनेछ।

(७.८१) "सुन्दर र कञ्चन ईन्द्रावती नदी र अरु खोला-नाला, वन्यपंक्षि र हरियो वन, संरक्षण, सम्बर्द्धन र विकास गर्ने सके यहिहुन्छ गाउँपालिकाको ठुलो धन"। विपदवाट हुने मानविय तथा आर्थिक क्षतिलाई न्यूनिकरण गर्नका लागि विद्यालय तथा समुदायमा आधारित विपद जोखिम न्यूनीकरणका कृयाकलापहरु सञ्चालन गरिनेछ।

(७.८२) विपद पूर्व तयारी कार्य स्वरुप पालिका भित्र निर्माण हुने सरकारी तथा नीजि भौतिक संरचनामा भवन निर्माण आचार संहिता लागु गरिनेछ।

(७.८३) जोखीमयुक्त वस्तीहरु स्थानान्तरण गरी एकीकृत वस्ती विकास गरिएका स्थानहरुमा आवश्यक भौतिक पूर्वाधारहरु सडक, खानेपानी, वाल विकास केन्द्र, सामुदायिक भवन तथा विद्यालयको व्यवस्था गरिनेछ।

(७.८४) विपद पूर्व तयारीका लागि र विपदको समयमा ध्यान पुऱ्याउनु पर्ने विषयहरुको जानकारी मुलक सूचना प्रकाशन र प्रशारणको व्यवस्था मिलाईनेछ।

(७.८५) जैविक विविधता संरक्षण र पर्यटकीय आकर्षका लागि गाउँपालिका क्षेत्र भित्र एक वनस्पती उद्यान स्थापना गरिनेछ।

(७.८६) विद्यमान बहुउद्देश्यीय सहकारी संस्थाहरुलाई अनुगमन र नियमन गर्दै कृषिमा आधारित र कमजोर सहकारी संस्थाहरुलाई विशेष अनुदानको व्यवस्था गरिने छ। स्थानीय सहकारी नीतिलाई कार्यान्वयनमा ल्याई **'एक टोल एक सहकारी, घर घरमा रोजगारी'** अभियानलाई प्रभावकारी माध्यमवाट आगामी ५ वर्ष भित्र युवाहरुलाई स्वरोजगारको व्यवस्था गरिनेछ।

(७.८७) ईन्द्रावती गाउँपालिकाको सहकारी ऐन बमोजिम सम्पूर्ण सहकारी संस्था र उद्योगहरुको दर्ता, नवीकरणमा नियमन गरिनेछ।

(७.८८) सहकारी मार्फत कृषिजन्य उत्पादनको खरिद विक्री प्रकृयालाई सरलिकरण गरिनेछ ।. गाउँपालिका भित्रका सम्पूर्ण सहकारीलाई सहकारीको सिद्धान्त अनुरुप पूँजी परिचालन तथा उत्पादनमूलक क्षेत्रमा लगानी गर्न लगाई रोजगारीका अवसरहरु सृजना गर्न प्रेरित गरिनेछ ।

(७.८९) "राम्रो शासन भनेको के हो ? गहिरिएर सोचौं, खोजौ र आफैं पहिचान गरौं, आफ्नो काममा, सुशासनको प्रात्याभुति हुनेखालको आचर व्यवहार प्रदर्शन गरौं" । राजश्व प्रणालीलाई छिटो, छरिटो, प्रभावकारी वनाउनका सफ्टवेयर लागु गरिने छ र सो का लागि जनप्रतिनिधि तथा कर्मचारीहरुको क्षमता अभिवृद्धि तालिमको व्यवस्था गरिनेछ । करको दर घटाई दायरा फराकिलो पार्ने नीति लिईनेछ । योजना सम्झैता र भुक्तानीको क्रममा योजनाको कार्यान्वयन शुल्क लिदैं आएकोमा उक्त आगामी आर्थिक वर्ष देखि उक्त शुल्कलाई हटाउने नीति लिईएकोछ ।

(७.९०) स्थानीय नागरिकलाई समयमानै कर राजश्व तिर्ने वानी विकास गर्नका लागि आवश्यक सन्देशमुलक सूचना प्रवाह गरिनेछ ।

(७.९१) जग्गाधनी किसानहरुले लामो समय देखि बुझाउन बाँकी रहेको मालपोत शुल्कका सम्बन्धमा पालिकाको ध्यानकर्षण भई विपन्न किसानहरुलाई राहत दिने नीति अनुरुप आर्थिक वर्ष ०७३/०७४ सम्मको बाँकी मालपोत बक्यौता मिनाह गरिएको छ ।

(७.९२) नागरिकको कर राजश्ववाट संकलन हुने रकमलाई स्थानीय आवश्यकता परिपूर्ति हुने खालका योजना तथा कार्यक्रममा खर्च गरिनेछ ।

(७.९३)नीजि आवासको नक्शापासमा करको दररेट घटाईएकोछ । गाउँपालिका सिमा भित्र प्रवेश गर्ने सवारी साधानको प्रवेश करमा छुट दिने नीति लिईएकोछ ।

(७.९४) जलवायु परिवर्तनका असरहरुलाई न्यूनिकरण गर्ने तर्फ गाउँपालिकाको नीति उन्मुख हुनेछ ।

(७.९५) गाउँपालिका भित्र रहेका खानेपानीका स्रोतहरुको संरक्षण गर्नका लागि प्राकृतिक पोखरीको निर्माण गर्ने, वातावरणीय सरसफाई तथा फोहर व्यवस्थापनका लागि आवश्यक नीति लिईनेछ ।

(७.९६) ईन्द्रावती गाउँपालिकाको पर्यटन प्रवर्द्धनका लागि **"विविध संस्कृति र प्रकृतिको आर्कषक गन्तव्य स्थल ईन्द्रावती"** भन्ने नारालाई सार्थक तुल्याउन आन्तरिक र वाह्य पर्यटकहरुको आर्कषण र बसाइको लागि होमस्टे, गुम्बास्टे र होटलस्टे जस्ता कार्यक्रम संचालन गर्ने नीति रहेको छ ।

(७.९७) नवीकरणीय उर्जाको उपयोगलाई बढावा दिदैं १ मेगावाट सम्मको लघु जलविद्युत आयोजनाको संभाव्यता अध्ययन गरिनेछ ।

(७.९८) कृषि तथा वन सम्वन्धी नीतिलाई एकिकृत गरि सञ्चालन गरिनेछ ।

(७.९९) विकास बजेटलाई एकद्धार प्रणालीवाट खर्च गर्ने प्रकृयाको लागि संघीय र प्रदेश सरकार संग समन्वय र सहकार्यमा जोड दिईनेछ । साथै सवै राष्ट्रिय एवं अन्तराष्ट्रिय गैर सरकारी संघ संस्थाहरुको कार्यक्रम गाउँ सभामा स्विकृत गरेर मात्र कार्यान्वयन हुने व्यवस्था मिलाईनेछ ।

**अन्त्यमा,**

संघीय सरकार, प्रदेश सरकारवाट प्राप्त वित्तिय समानीकरण अनुदान, यातायात  सशर्त अनुदान, स्थानीय आन्तरिक स्रोतवाट प्राप्त राजश्व र विभिन्न दातृ निकाय, राष्ट्रिय तथा अन्तराष्ट्रिय गैरसरकारी संघ संस्थाहरुको समन्वय, सहकार्य एवं साझेदारीमा उपलब्ध जनशक्तिको अधिकतम उपयोग गरी समग्र ईन्द्रावती गाउँपालिका भित्रका नागरिकहरुको सेवामा तन, मन, वचन र कर्मले समर्पित रहने प्रतिवद्धता व्यक्त गर्दछु । धन्यवाद ।

**बंशलाल तामाङ**
**अध्यक्ष**
**ईन्द्रावती गाउँपालिका, सिन्धुपाल्चोक**